का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ असोज २०८०,
शुक्रबार
13 October 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक २६० । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# कोशी कांग्रेसमा विद्रोह

## मुख्यमन्त्रीमा कांग्रेसका केदार कार्की र माओवादीका इन्द्र आङ्बोको दाबी पेश

दुई वटा उम्मेदवारी परेको र केही सांसदको हस्ताक्षर दुईतिर परेको अवस्थालाई प्रदेश प्रमुखले कुन रुपमा लिन्छन् र के निर्णय लिन्छन् भन्ने विषयले कोशी प्रदेश सरकारको भविष्य निर्धारण हुनेछ ।



प्रदेश प्रमुख परशुराम खापुङसमक्ष मुख्यमन्त्रीको दाबी पेश गर्दै कार्की (बायाँ) र आङ्बो (दायाँ) ।



दुवै पक्षले बहुमत पुऱ्याएर पेश गरेको स्थिति छ । निकासको निम्ति केही न केही उपाय निस्केला । संवैधानिक र कानूनी हिसाबले प्रदेश प्रमुखले आवश्यक परामर्श गरेर निकास निकाल्नु हुन्छ । प्रदेश प्रमुखको हातको कुरा हो ।

**इन्द्र आङ्बो**
**मुख्यमन्त्रीका दावेदार, कोशी प्रदेश**



सबै इन्डिभिजुअल सांसदलाई छोडिदिएको छ, हामीले त्यसको उपयोग गरेका हौं । सशरीर उपस्थित भएकाले मेरो दाबी सर्वोच्च अदालतको ब्याख्या र नजिर तथा संवैधानिकअनुसार वैधानिक छ ।

**केदार कार्की**
**मुख्यमन्त्रीका दावेदार, कोशी प्रदेश**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ असोज

कोशी प्रदेश सरकारको नेतृत्वका लागि इन्द्र आङ्बो र केदार कार्कीको दाबी प्रस्तुत भएको छ । संघीय सरकार चलाइरहेको सत्तागठबन्धनले सहमति गरे अनुसार नेकपा माओवादी केन्द्रका इन्द्र आङ्बोले मुख्यमन्त्रीमा दाबी पेश गरे । बिहीबार प्रधानमन्त्री निवास वालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकले माओवादी केन्द्रका आङ्बोलाई मुख्यमन्त्री बनाउनेसहमति गरेको थियो ।

तर सत्ता गठबन्धनकै नेता शेखर कोइरालानिकट कोशीका सांसदले मुख्यमन्त्री माओवादीलाई छाड्न चाहेनन् । कोइरालानिकट कोशी कांग्रेस सांसद केदार कार्कीले एमालेका ३९ र कांग्रेसका ८ गरी कूल ४७ जना सांसदको हस्ताक्षर पेश गर्दै प्रदेश प्रमुखकहाँ मुख्यमन्त्रीमा दाबी पेश गरे । कोशीमा कांग्रेसका २९ जना सांसद छन् ।

कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपा संसदीय दल नेताको हस्ताक्षरसहित माओवादीका आङ्बोले मुख्यमन्त्रीमा दाबी गरेका छन् । कोशी प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८ को उपधारा ५ अनुसार असोज २६ गते साँझ ५ बजेभित्र मुख्यमन्त्रीमा दाबी पेश गर्न समय दिएका थिए ।

कांग्रेससहित केन्द्रमा सरकार बनाएको सत्ता गठबन्धनका दलका शीर्ष नेताहरूले कोशीमा माओवादीको मुख्यमन्त्री बनाउन सहमति गरे पनि कांग्रेस कोशीका केही सांसदहरूले यो निर्णय अस्वीकार गरेका हुन् ।

मुख्यमन्त्री दाबी गरेका आङ्बोले मुख्यमन्त्री नियुक्तिको विषयमा प्रदेश प्रमुखले निकास निकाल्ने विश्वास व्यक्त गरे । मुख्यमन्त्रीको दाबी पेस गरेपछि पत्रकारहरुसँग कुरा गर्दै उनले भनेका छन्, 'दुवै पक्षले बहुमत पुऱ्याएर पेस गरेको स्थिति छ। निकासको निम्ति केही न केही उपाय निकास निस्केला । संवैधानिक र कानुनी हिसाबले प्रदेश प्रमुखले आवश्यक परामर्श गरेर निकास निकाल्नु हुन्छ। प्रदेश प्रमुखको हातको

पृष्ठ २ मा

## राप्रपा अनिर्णित

कोशी प्रदेश कांग्रेसमा विद्रोह भएपछि नयाँ सरकारको भविष्य अन्योलपूर्ण रहेका बेला राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अनिर्णित छ । राप्रपा संसदीय दल कोशीका नेता भक्ति सिटौला केन्द्रको निर्णयबिना आफूहरूले कसैलाई पनि समर्थन नगर्ने बताउँछन् । उनी भन्छन्, 'पार्टीको आधिकारी निर्णय नआएसम्म राप्रपाले कसैलाई पनि समर्थन गर्दैन ।' यसै विषयमा निर्णय गर्न राप्रपाले शुक्रवार बिहान पदाधिकारी बैठक बोलाएको छ । सबै विकल्पमा छलफल गरी निर्णय लिने अध्यक्ष राजेन्द्र लिङ्देनले बताइसकेका छन् । ९२ सदस्यीय प्रदेशसभा बहुमतका लागि ४७ सदस्य आवश्यक पर्छ । सत्ता गठबन्धनबाट कांग्रेसको २९, माओवादी केन्द्रको १२, एकीकृत समाजवादीको ४ र जसपाको एक गरी ४७ सांसद छन् । विपक्षी गठबन्धनमा एमालेको ३९ र कांग्रेसका असन्तुष्ट पक्षका ८ जना सांसदको समर्थन रहेको दाबी गरिएको छ । निर्णायक शक्ति मानिएको राप्रपासँग ६ सिट रहेको छ ।

**कालापानीमा नरेन्द्र मोदी**

# सरकार बेखबर
# संसदमा उठ्यो प्रश्न

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ असोज

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कालापानी क्षेत्रको भ्रमण गरेका छन् । उनको भ्रमणलाई लिएर नेपालको संसदमा प्रश्न उठेको छ ।

हेलिकोप्टरबाट बिहीबार बिहान कालापानी क्षेत्रमा आएका भारतीय प्रधानमन्त्री मोदीले आदिकैलाश र पार्वतीकुण्डको दर्शन गरेका थिए । साथै भारतको पिथौरागढ र गुन्जीका स्थानीय बासिन्दासँग अन्तरक्रिया समेत गरोका थिए ।

बिहीबार प्रतिनिधि सभाको बैठकमा बोल्दै नेकपा एमालेका सांसद ठाकुर गैरेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मर्यादालाई उल्लंघन गरेर नेपाली भुमि कालापानी क्षेत्रको भ्रमण गरेको बताए । उनले भारतीय प्रधानमन्त्री मोदीले सामान्य शिष्टाचार र कूटनीतिक मर्यादा विपरित कालापानी क्षेत्रको भ्रमण गरेको बताएका हुन् । उनले मोदीको यसप्रकारको भ्रमणलाई सही भन्न नसकिने बताए । उनले भारतीय प्रधानमन्त्रीको भ्रमण नेपाल भारत सम्बन्धको विपरित रहेको बताए ।

'भारतका प्रधानमन्त्रीले एउटा सामान्य शिष्टाचार, सामान्य कुटनीतिक मर्यादा र एउटा स्वतन्त्र, सार्वभौम सत्ता सम्पन्न भौगोलिक रुपले अखण्ड नेपाल र त्यससँगको भारत र नेपाल बीचको सम्बन्ध र त्यसको सामान्य मर्यादालाई समेत उल्लंघन गरेर आफ्नो भ्रमण गर्नुभएको छ' उनले भने ।


मोदीको कालापानी भ्रमण कुनै हिसावले नेपालले यसलाई यसको पक्षमा अथवा यो

पृष्ठ २ मा




नेपाललाई जानकारी नदिइ नेपाली भूमि कालापानीमा भारतीय प्रधानमन्त्री आउनु नेपाल र भारतबीचको सम्बन्ध विपरीत छ । नेपालको मिचिएको भूमिमा स्वयं भारतीय प्रधानमन्त्रीले एकतर्फी भ्रमण गर्नु सामान्य कूटनीतिक मर्यादाको विरुद्ध छ ।

**ठाकुर गैरे**
**सांसद, एमाले**



एउटा देशको प्रधानमन्त्री अर्को देशमा जाँदाको प्रोटोकल जे हो, त्यो पूरा गर्नुपर्छ । थप बुझ्दै छौं । भारतीय प्रधानमन्त्रीको गुन्जी भ्रमणबारे हाम्रो ध्यानाकर्षण भएको छ । के हो भनेर हामी जानकारी लिने क्रममा छौं ।

**सेवा लम्साल**
**प्रवक्ता, परराष्ट्र मन्त्रालय**




**वैदेशिक रोजगार विशेष**

# दुबईमा नक्कली कम्पनी खोलेर लाखौं ठगी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असोज

यूएईको दुबईमा नक्कली कम्पनी खोलेर पर्वत डाँडाखर्कका विजय सुनारले दर्जनौं नेपाली ठगेको पीडितहरूले बताएका छन् । दुबईमा 'सिल्भरलाइन फ्यालिसिटी म्यानेजमेन्ट सर्भिसेज' कम्पनी खोलेका सुनारले सोही कम्पनीमार्फत रोजगारीका लागि आकर्षक तलबसहितको डिमाण्ड आएको भन्दै नेपाली युवायुवतीबाट लाखौं रुपैयाँ असुलेको पीडितहरूको दाबी छ ।

विजय र उनको समुहले प्रतिव्यक्ति २ लाख १० हजारदेखि ३ लाख रुपैयाँ र केहीलाई ५ लाख रुपैयाँसम्म असुली गरिरहेको पीडितहरूको भनाइ छ । केही समयअघि नेपालबाट दीपक गिरी, सविन परियार, प्रकाश देवकोटा, इन्दिरा परियार, प्रेम लामा, सुदिश नेपाल र अब्दुल अली महमदलगायतलाई सुनारले सिल्भरलाइन फ्यालिसिटी म्यानेजमेन्ट सर्भिसेजबाट वर्कर भिसा पठाइ रकम असुलेर ट्राभल्स एजेन्सी प्रयोग गरेर भिजिट भिसामा दुबई लगिएको पीडितहरूको भनाइ छ ।

उनीहरूमध्ये हाल अधिकांश अलपत्र अवस्थामा रहेको बताइएको छ । सुनारले हालसम्म तीन दर्जन बढी नेपाली युवायुवतीलाई अलपत्र पारेको र कतिपय दुबई पुगेर अलपत्र भइ फर्केका छन् । विजयका मान्छेलाई रकम बुझाएका कतिपय युवायुवती दुबई नगइ नेपालमा नै अलपत्र परेको बताइएको छ ।

विजयले गिरोह नै तयार पारेर ठगी गरिरहेको एक पीडितले बताएका छन् । उनका अनुसार झापाका अनुज थापा मुख्य सहयोगी हुन् । अनुजलाई उनले नेपालमा ठगी गरेको रकम हुण्डीमार्फत दुबई पठाउन सहयोग गर्ने गरेको पीडितहरूको दाबी छ । आफूहरू ठगिएको भनी रकम फिर्ता माग्ने पीडितको पासपोर्ट कब्जामा राखेर अलपत्र पार्ने गरिएको समेत पीडितहरूको भनाइ छ ।

## जर्मनीमा दक्ष कामदारलाई अवसर

**काठमाडौं/रासस–** संघीय गणतन्त्र जर्मनीले दक्ष नेपाली श्रमिकलाई रोजगारीका अवसर प्रदान गर्ने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र जर्मनीका श्रम तथा सामाजिक मामिला राज्यमन्त्री लियोनी गेवर्सको उपस्थितिमा हालै जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्का र जर्मनीको रोजगारी विभागका अन्तर्राष्ट्रिय मामिला निर्देशक माइकल भान डेर कामेनले नेपाली दक्ष श्रमिकलाई रोजगारी उपलब्ध गराउनेसम्बन्धी आशयपत्रमा हस्ताक्षर गरेको बर्लिनस्थित नेपाली राजदूतावासले जनाएको छ ।

त्यसअघि दुवै देशका प्रतिनिधिमण्डलबीच भएको वार्तामा दक्ष नेपाली जनशक्तिलाई रोजगारीका अवसर उपलब्ध गराउने, वैधानिक तवरबाट मात्र उनीहरुलाई काममा लगाउने, नेपाली कामदारको हकहितको रक्षा र भाषा तथा व्यावसायिक तालिम दिने विषयमा पनि छलफल भएको थियो । राज्यमन्त्री गेवर्सले द्विपक्षीय आशयपत्रमा हस्ताक्षर भएपछि संस्थागतरुपमा नेपाली श्रमिकलाई जर्मनीमा काम गर्न सहज हुने र जर्मनीका रोजगारदाता निकायलाई पनि काममा लगाउन कठिनाइ नहुने बताएको उक्त दूतावासले जनाएको छ ।

**११ दिनदेखि आन्दोलनमा स्थानीय तहका कर्मचारी**

# सरकारले बनायो वार्ता समिति

स्थानीय तहका कर्मचारीलाई निजामतीको परिभाषाभित्र समेट्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूलाई कुनैपनि सेवामा प्रवेश गर्दा उमेर हद नलगाउनुपर्ने, अन्तरप्रदेश सरुवाको व्यवस्था ऐनमै राखिनुपर्नेलगायतका माग उनीहरुको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २५ असोज

यही असोज १४ गतेदेखि स्थानीय तहका कर्मचारीहरु आन्दोलनरत छन् । उनीहरुसँग संवाद गर्न सरकारले वार्ता समिति बनाएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव कमलप्रसाद भट्टराईको संयोजकत्वमा ४ सदस्यीय वार्ता टोली गठन भएको हो । भट्टराईको संयोजकत्वमा गठित वार्ता टोलीमा अर्का सहसचिव नारायण अर्याल, कानुनका उपसचिव टङ्कबहादुर महत र प्रशासनका उपसचिव खिलराज राई छन् ।

वार्ताका लागि आन्दोलनरत स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समिति र कर्मचारी ट्रेड युनियनहरुका बढीमा ५/५ जना प्रतिनिधि बस्न पाउनेगरी वार्ता टोलीले तयारी गरेको छ ।

संघीय निजामती सेवा ऐनमा आफ्ना माग सम्बोधन नभएको भन्दै असोज १४ गतेदेखि सडक आन्दोलन थालेका स्थानीय तहका कर्मचारीहरुले पछिल्लो समय पेन डाउन गरेका छन् ।

पृष्ठ २ मा

WE ARE
HIRING
APPLY NOW!
PUBLIC RELATION OFFICER- 2 Nos
Requirements:
- Computer Knowledge.
- Specially for UAE Demand.
- Minimum 2 years experience in Gulf Countries Manpower field.
- Good Communication Skill.
CONTACT : 9810084945
HUMAN CARE RESOURCE & RECRUITMENT
Sinamangal , Kathmandu, Nepal
Tel no.:+977-01-5916386
Email: humancare2001@gmail.com
Website: www.humancarerecruit.com

मध्यान्ह
www.madhyanhadaily.com
२६ असोज २०८०, शुक्रबार
13 October 2023, Friday

# दुर्घटना न्यूनीकरण गर्न टाइम कार्ड र राडर गनको प्रयोग

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २५ असोज

चाडपर्व नजिकिएसँगै उदयपुरमा दुर्घटना न्यूनीकरण गर्न टाइम कार्ड र राडर गनको प्रयोग गर्न थालिएको छ। कटारी, गाईघाट, बेल्टार, बसाहा, रामपुर लगायत आन्तरिक रुपमा चल्ने छोटो तथा लामो दुरीको सवारी साधनमा दुर्घटना न्यूनीकरणका लागि टाइम कार्ड लागू गर्नुका साथै राडर गनको प्रयोग गर्न थालिएको हो।



दुर्घटना न्यूनीकरणमा राडर गनको प्रयोग महत्वपूर्ण हुने र यसले सवारीसाधनको गतिको मात्रा र आवाज पत्ता लगाउने हुँदा राडर गनको प्रयोग, टाइम कार्ड र सवारी साधारणको चेकजाँचमा कडाई गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरका वरिष्ठ नायव निरीक्षक लोक बहादुर दियालीले बताए। उनले कटारी, बेल्टार तथा जिल्लाको सदरमुकाम गाईघाटबाट आन्तरिक रुपमा पहाडी ठाउँहरु सल्ले, रौता, साउने बेतेनी तथा खोटाङ, बखलढुंगा जिल्लातिर सञ्चालन हुने लामो तथा छोटो दुरीको सवारीसाधनको चेकजाँचमा कडाई गरिएको जानकारी दिए।

उनले यात्रुको सुरक्षा, चोरी, मनपरि भाडा असुली लगायतलाई मध्यनजर गरेर जिल्लाको मुख्य सदरमुकाम व्यापारी केन्द्र गाईघाट, कटारी बेल्टार, रामपुर ठोक्सीला लगायत ठाउँमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याएसँगै तीव्र गतिमा सवारी साधन कुँदाएमा वा समय तालिकाको पालना नगरेमा न्यूनतम १ हजार रुपैयाँसम्म जरिवाना गरिने बताए।

जिल्ला सदरमुकाम तथा व्यापारीक केन्द्र गाईघाट, कटारी, बेल्टार र नगरको आसपास लगायत ठाउँमा जनसंख्या वृद्धि, शहरीकरण, सवारीसाधनको चाप, सवारी दुर्घटना न्यूनीकरण, नगर र बजारको व्यवस्थापन र सुन्दरताको लागि सवारी साधनको सहि ठाउँमा व्यवस्थापन गर्ने उदेश्यले नगर तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरले अहिले 'नो पार्किङ्ग अभियान' तीव्र रुपमा अगाडि बढाइएको छ।

नगरको सुन्दरता, सुरक्षा, व्यवस्थापन, दुर्घटना न्यूनीकरण, जनसंख्या र सवार ीसाधनको चापलाई मध्यनजर गरेर नो पार्किङ अभियान कार्यलाई तीव्र पारिएको वरिष्ठ नायव निरीक्षक दियालीले

जानकारी दिए। उनले 'नो पार्किङ' भनिएको वा भएको ठाउँमा सवारीसाधन पार्किङ गरिएमा ह्विल लक लगाउनुका साथै न्यूनतम पाँच सय रुपैयाँसम्म जरिवाना लिइने पनि बताए।

# बागमती नदी पुलको कामलाई गति दिन दुई बुँदे सहमति

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २५ असोज



हुलाकी राजमार्ग अन्तर्गत बागमती नदीको पुलको काम ४५ दिनभित्र गति दिन दुई बुँदे सहमति भएको छ। मधेश प्रदेश सदस्य नागेन्द्र साहले ठेकदारले बागमतीको पुलको काम छिट्टै गति दियोस् भनेर दुई बुँदे सहमति गरिएको बताए।

जिल्ला प्रशासन कार्यालय रौतहटमा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रको रोहबरमा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगञ्जका प्रमुख ध्रुव कुमार झा, पुल निर्माण कम्पनी महालक्ष्मी वाइपी विकास कन्ट्रकसन जेविको प्रतिनिधि दिवाकर साह र स्थानीय जनप्रतिनिधिबीच छलफल भएको थियो।

सो स्थानमा निर्माणाधीन पुललाई सम्पन्न गर्न पुनः ठेक्का भइ ५६ करोडमा २०७९/०१/११ गते सम्झौता भइ हालसम्म १६ प्रतिशत मात्र काम भएको प्रमुख झाले बताए।

वागमतीमा पुल बनाउन तत्कालिन प्रधानमन्त्री माधव कुमार नेपालले २०६५ सालमा शिलान्यास गरेका थिए। त्यस बेलाका निर्माण कम्पनी पप्पु कन्ट्रक्सनले समयमै पुल नबनाएपछि ठेक्का सम्झौता रद्द गरेर नयाँ ठेक्का सम्झौता गरिएको थियो। दुर्गा भगवती वडा नम्बर ५ का वडाअध्यक्ष धर्मनाथ चौधरीले सो राजमार्गमा बागमतीमा पुल निर्माण गर्नु सपना जस्तो भएको बताए। राजदेवी नगर नगरपालिकाका पूर्व नगर प्रमुख धिरेन्द्र कुमार सिंहले कुनै पनि बहानामा अब काम नरोक्न निर्माण कम्पनीसँग अनुरोध गरे।

ठेक्का सम्झौता भएको १८ महिनामा १६ प्रतिशत मात्र काम भएको छ। अबको बाँकी १२ महिनामा काम हुने कुरामा आफुलाई विश्वास नलागेको पूर्व नगरप्रमुख सिंहले बताए। २ करोडको माटोको काम सकिएको भन्दै कम्पनीका प्रतिनिधि दिवाकर साहले ५० प्रतिशत काम सकिएको दाबी गरे।

# मुक्त हलिया खाद्य अधिकार समूह विस्खेतको अनुगमन



**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २५ असोज

बझाङको थलारा गाउँपालिका-८ मा रहेको मुक्त हलिया खाद्य अधिकार समूह विस्खेतको अनुगमन गरिएको छ। बिहीबार बिहान फियान नेपालको आयोजनामा भूकम्प प्रभावित मुक्त हलिया खाद्य अधिकार समुह विस्खेतको अनुगमन गरिएको हो।

अनुगमनका क्रममा उक्त हलिया मुक्त बस्तीका घरहरूमा बस्नै नमिल्ने गरी चर्किएका छन् भने उक्त बस्तीका १८ हलिया मुक्त परिवार बाहिरी त्रिपालमुनि बसेर राति बिताइरहेका छन्।

अनुगमन कार्यक्रमबाट मुक्त हलिया खाद्य अधिकार समुहको पुनर्स्थापना गर्न बस्ती स्थानान्तरणका लागि वडाभित्र रहेको सार्वजनिक स्थानको सोधपुछ गर्ने, वडा र गाउँपालिकामा उपयुक्त सार्वजनिक स्थान नभए प्रदेश सरकारसँग बस्ती स्थानान्तरणको लागि पहल गर्ने निर्णय गरिएको छ।

त्यस्तै असोज १६ गते गएको भूकम्पले मुक्त हलिया खाद्य अधिकार समुहको १८ घरहरू जोखिममा रहेको हुँदा टेण्ड र घर निर्माणका लागि वडा र गाउँपालिकाले पहल गर्ने र मुक्त हलिया खाद्य अधिकार समूहका परिवारलाई खुल्ला ठाउँमा बस्ने स्थान नभएको हुँदा निजी जग्गा खेतमा टेण्ड राख्नका लागि आवश्यक पहल चाल्ने निर्णय गरिएको छ।

थलारा गाउँपालिका अध्यक्ष प्रकाश रोकायाको संयोजकत्व तथा उपाध्यक्ष राम बहादुर खाती, वडाध्यक्ष टिकाराज जोशी र पत्रकारको उपस्थितिमा अनुगमन गरिएको फियान नेपालकी फिल्ड अधिकृत सीता सिंहले बताइन्।

# मोना कतार बहुउद्देश्यीय अक्षयकोषको आयोजनमा रक्तदान, २० पिन्ट रगत संकलन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २५ असोज

म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारको संरक्षकत्वमा स्थापित मोना कतार बहुउद्देश्यीय अक्षयकोषले म्याग्दी सदरमुकाम बेनीमा रहेको म्याग्दी जिल्ला अस्पतालको प्राङ्गणमा बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। मोना कतार, मोना जापान, मोना यूएई, मोना क्रोएसियासँगको सहआयोजनासहित नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवा केन्द्र म्याग्दीको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम सम्पन्न भएको हो।

बेनी नगरपालिकाका मेयर तथा कार्यक्रमका प्रमुख अतिथि सुरत केसीले पहिलो रक्तदाता मोना कतारका संरक्षक नरेन्द्र फगामीलाई ब्लड ब्याग हस्तान्तरण गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए। कार्यक्रममा बोल्दै प्रमुख अतिथि मेयर सुरत केसीले रक्तदातालाई निरन्तर रक्तदान गर्न प्रेरणा प्रदान गरिएकै कारण म्याग्दीमा रगत अभावकै कारण कसैको ज्यान जाने अवस्था नरहेको बताए। उनले बेनी अस्पतालमा उपचारार्थ बिरामी बाहेक संकलित रगत पोखराका अस्पतालसम्म पुग्ने गरेको बताए।

कोषका अध्यक्ष तथा कार्यक्रमका सभापति विक्रम कार्कीले मध्यान्ह




दैनिकसँग कुरा गर्दै परोपकारी कार्यका लागी आयोजित उक्त रक्तदानमा २० पिन्ट रगत संकलन भएको जानकारी दिए। रक्तदाताहरुलाई प्रशंसा पत्र प्रदान गर्दै ढाका टोपी लगाएर सम्मान गरिएको थियो।

कार्यक्रममा मोना अन्तर्राष्ट्रियका कार्यसमितिका विभिन्न तह र तप्काका पदाधिकारीहरूको उपस्थिति रहेको थियो। सोही अवसरमा कोषको रकम वृद्धिका लागि अस्ट्रेलिया बाट मोनाको अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन आएका हरि राम्जालीबाट रु १ लाख, जापानबाट आएका विवेक खड्काले २ लाख, राम खड्का २ लाख, मोना कतारका पूर्व अध्यक्ष ई. नन्द गर्बुजा १ लाख, मोना जापानका वरिष्ठ उपाध्यक्ष गणेश श्रेष्ठ १ लाख आर्थिक सहयोग गरेका छन्। उनीहरूको सहयोगप्रति कृतज्ञता ज्ञापन गर्दै संरक्षक सदस्यता प्रदान गरिने जानकारी दिए।

त्यस्तै मोना आईसिका सचिव सुबोध बरुवालले ५ हजार ५ सय ५५ सहयोग प्रदान गरी आजीवन सदस्यता लिएका ग्रहण गरेका छन्। मोना कतारका अध्यक्ष राजु पौडेलले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई कोषका सदस्य तथा सञ्चारकर्मी हरिकृष्ण शर्मा गौतमले सहजीकरण गरेका थिए।

कतारबाट म्याग्दी फर्किएका म्याग्देलीलाई सीप तथा समस्यामा परेकालाई उद्धारसहित विभिन्न सामाजिक एवम् मानवीय सेवामा सहयोग गर्न स्थापित कोष गैर सरकारी तथा गैर नाफामूलक सामाजिक संस्था हो। विक्रम संवत २०७९ साल माघ २७ गते जिल्ला प्रशासन कार्यालय म्याग्दी बेनीमा संस्था दर्ता एन २०३४ को दफा ४ बमोजिम दर्ता गरी कोष सञ्चालनमा आएको हो।

# कर्णालीका कानूनमन्त्री जिसीले गरिदिए विपन्न परिवारको स्वास्थ्य बीमा



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २५ असोज

कर्णाली प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानून मन्त्री कृष्ण बहादुर जिसीले सुर्खेतको सडक पेटीमा जुत्ता सिलाएर गुजारा चलाउँदै आएका विपन्न परिवारको स्वास्थ्य बीमा गरिदिएका छन्। मन्त्री जिसीले आफ्नै खर्चमा स्वास्थ्य बीमा गराएर परिचय पत्र विपन्न परिवारलाई हस्तान्तरण गरेका हुन्।

पूर्वजनमुक्ति सेनासमेत रहेका हाल सुर्खेत सडक पेटीमा जुत्ता सिलाउने काम गर्दै आएका ऐविन कुमार सार्कीको परिवारको स्वास्थ्य बीमा गरिदिएको मन्त्री जिसीले जानकारी दिए। सार्कीसहित श्रीमती डिला सार्की र उनका छोराछोरीहरू पुष्कर सार्की, दिलमाया सार्की र पार्वती सार्कीको संयुक्तरुपमा स्वास्थ्य बीमा गरिएको हो।

दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिका-९ घर भइ हाल वीरेन्द्रनगर सुर्खेतमा बसेर सडक पेटीमा जुत्ता सिलाउने काम गरेर सार्कीले आफ्नो जीविका चलाउँदै आएका छन्। मन्त्रीले स्वास्थ्य बीमा गराइदिएपछि सार्कीले खुसी व्यक्त गर्दै अब उपचारमा सजिलो हुने बताए।

'सडक पेटीमा जुत्ता सिलाइको काम गरेर सुर्खेतमा पाँच जनाको परिवार पाल्ने, केटाकेटी पढाउने काम गर्न समस्या भइरहेको छ, हाम्रा कानूनमन्त्रीज्यूले स्वास्थ्य बीमा बनाइदिनुभएको छ,' सार्कीले भने, 'मन्त्रीज्यू जनयुद्धमा हाम्रो कमाण्डर पनि हो, अहिले पनि सरकारमा भएर पनि कमाण्डर जस्तै भएर काम गर्नुभएको छ, मलाई असाध्यै खुसी लागेको छ।'

# अर्थ सवाल साप्ताहिकका सम्पादक बोहोरा सम्मानित



**काठमाडौं/मस-** अर्थ सवाल साप्ताहिकका सम्पादक रमेश कुमार बोहोरालाई बिहीबार सम्मान गरिएको छ। मिलाप मासिकद्वारा आयोजित विशेष समारोहमा प्रमुख अतिथि पूर्व उपराष्ट्रपति परमानन्द झाले बोहोरालाई सम्मान गरेका हुन्। नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका कार्यसमिति सदस्यसमेत रहेका बोहोरालाई 'मिलाप राष्ट्रिय व्यक्तित्व सम्मान २०८०' बाट सम्मान गरिएको हो। बोहोराले पत्रकारिताको माध्यमबाट समाजमा पुर्‍याएको योगदानको कदर गर्दै सम्मान गरिएको मिलाप मासिककी कार्यकारी सम्पादक तथा मिलाप फाउण्डेसनकी अध्यक्ष गिता अधिकारीले जानकारी दिइन्। बोहोरा विगत १६ वर्षदेखि निरन्तर पत्रकारितामा सक्रिय छन्।

बोहोराले कोरोना महामारीका बेला पत्रकार महासंघ काठमाडौंको तर्फबाट पत्रकारहरुलाई राहतका कार्यक्रम सञ्चालन गरेका थिए। उनले कोरोना संक्रमित पत्रकारलाई भेटेर स्वास्थ्य सामग्री वितरण गर्नुका साथै अन्य आवश्यक सहयोग पनि गरेका थिए।

कोभिड संक्रमित पत्रकारहरुले उपचारका लागि अस्पतालमा भर्ना नपाउँदा उनले विभिन्न अस्पतालहरुमा सम्पर्क गरी अस्पताल पुर्‍याएर उपचारमा सहयोग गरेका थिए। काठमाडौं शाखाको साना लगानी तथा स्वरोजगारमूलक मिडिया समन्वय विभाग संयोजकसमेत रहेर काम गर्दै आएका बोहोरालाई मिलाप मासिकका सम्पादक कृष्ण भुसालले दोसल्ला ओढाएर सम्मान गरेका थिए। कार्यक्रममा आफ्नो क्षेत्रबाट समाजलाई उल्लेखनीय योगदान पुर्‍याएका अन्य व्यक्तिलाई पनि सम्मान गरिएको थियो।

# कैदीबन्दीहरुको निःशुल्क आँखा जाँच

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २५ असोज

जिल्ला कारागार रुकुम पश्चिममा रहेका ९२ जना कैदीबन्दीहरुको निःशुल्क आँखा जाँच गरिएको छ। बिहीबार विश्व दृष्टि दिवसको अवसर पारेर कारागारमा सञ्चालन गरिएको निःशुल्क आँखा शिविरमा उनीहरुको आँखा जाँच गरिनुका साथै चस्मा र औषधि वितरण गरिएको कारागार प्रशासनले जनाएको छ।

नेपाल नेत्र ज्योति संघ रुकुम पश्चिम आँखा सर्जिकल सेन्टरको प्रविधिक सहयोगमा नेपाल नेत्र ज्योति संघ एकीकृत आँखा तथा कान स्वस्थ्य



कार्यक्रम कर्णाली प्रदेश सुर्खेतको आर्थिक सहयोगमा शिविर सञ्चालन गरिएको हो। आँखा सर्जिकल सेन्टर सल्लेका इञ्चार्ज धनबहादुर केसीका अनुसार शिविरमा ९२ जना कैदीबन्दीहरूको निःशुल्क आँखा जाँच गरिएको थियो भने ३२ जनालाई निःशुल्क चस्मा वितरण गरिएको थियो। कैदीबन्दीहरूमा सामान्य आँखाको समस्या देखिएको र समस्या देखिएकाहरूलाई औषधिसमेत दिइएको इञ्चार्ज केसीले बताए।

हाल जिल्ला कारागार रुकुम पश्चिममा १२९ जना पुरुष, ९ जना महिला र २ जना बालक रहेका छन्। आँखा जाँच गर्न इच्छुक कैदीबन्दीहरुको मात्र आँखा जाँच गरिएको हो। आँखा सर्जिकल सेन्टर सल्लेले जिल्लाका विभिन्न स्थानहरुमा निःशुल्क शिविर सञ्चालन गरेर सेवा दिँदै आएको छ।

# मोतियाबिन्दु भएका बिरामीको निःशुल्क शल्यक्रिया




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ असोज

विश्व दृष्टि दिवसका अवसरमा दुर्गा भगवती गाउँपालिकासहित विभिन्न पालिकाहरुबाट आएका मोतियाबिन्दु भएका बिरामीहरुको गौर आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया गरिएको छ।

नेत्र ज्योती संघ गौर आँखा अस्पताल पुरेनवा ८ रौतहटमा मोतिया बिन्दु भएका बिरामीहरुको बिहीबार शल्यक्रिया गरिएको हो।

शल्यक्रियाका लागि डाक फाउण्डेशनले आर्थिक सहयोग पुर्‍याएको जानकारी दिँदै शिविरका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेले दुर्गा भगवती गाउँपालिका, देवाही गोनाही नगरपालिका तथा अन्य पालिकाहरुमा आयोजित शिविरमा शल्यक्रियाको लागि छनौट भएका बिरामीहरुलाई ल्याएर शल्यक्रिया गरिएको बताए।

बिरामीहरुलाई गौर आँखा अस्पतालका प्रशासन प्रमुख नागेश्वर चौधरी, लेखा अधिकृत पवन न्यौपानेसहितका पदाधिकारीहरुले फलफुल वितरण गर्दै घाउ निको नभएसम्म घरमा राम्ररी बस्न सुझाव सल्लाह दिएका थिए।

दुर्गा भगवती गाउँपालिका अध्यक्ष शम्भु सिंहको पहलमा शल्यक्रिया गराउन गएका बिरामी तथा कुरुवारुको लागि खानाको व्यवस्थापन गरिएको, डाक फाउण्डेशनले शल्यक्रिया गर्नमा लाग्ने आर्थिक सहयोग गरेको पाण्डले दिए।

## कोशी...

कुरा हो।' मुख्यमन्त्री नियुक्तिका लागि दाबी पेश गरेका अर्का नेता केदार कार्कीले आफूले संवैधानिक अधिकारको प्रयोग गरेको बताएका छन्।

प्रदेश सरकार गठनको विषयलाई लिएर कोशीमा कुनै पनि दलले आधिकारिक निर्णय नगरेकाले आफ्नो निर्णय गर्न प्रदेशसभा सदस्यहरु स्वतन्त्र रहेको र आफूले त्यसको उपयोग गरेको उनको भनाइ छ।

उनी भन्छन्, 'सबै इन्डिभिजुअल सांसदलाई छोडिदिएको छ, हामीले त्यसको उपयोग गरेका हौं। सशरिर उपस्थित भएकाले मेरो दाबी सर्वोच्च अदालतको ब्याख्या र नजिर तथा संवैधानिक अनुसार वैधानिक छ।'

आङबोले पनि उनीहरुको हस्ताक्षरसहित मुख्यमन्त्रीमा दाबी परेपछि ८ जनाले आफूहरुको हस्ताक्षर दुरुपयोग भएको समेत बताएका छन्।

कार्कीलाई समर्थन गर्नेमा उदयपुरका रामकुमार खत्री, लिलाकुमारी राई, इलामका शमशेर राई र गोविन्द गिरी, झापाकी इन्दिरा थापा, मोरङका मानबहादुर लिम्बू र सुनसरीका सुनिता गुरुङ छन्।

दुई उम्मेदवार परेको र एउटा पार्टीको हस्ताक्षर दुईतिर परेको अवस्थालाई मुख्यमन्त्रीले कुन रुपमा लिन्छन् र के निर्णय लिन्छन् भन्ने विषयले कोशी प्रदेश सरकारको भविष्य निर्धारण हुनेछ।

## कालापानीमा...

कुरा सही हो भन्न नसक्ने भन्दै उनले थपे, 'अत्यन्त गलत काम भएको छ।'

आफूहरुले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालको भूमि भएको र कालापानीबाट भारतीय सेना फिर्ता हुनुपर्छ भनिरहेको तर भारतको प्रधानमन्त्रीले नेपाली भुमिमा आफ्नो भ्रमण बिना जानकारी गरेको भन्दै उनले दोहोर्‍याए, 'यो चाहीँ नेपाल र भारतबिचको सम्बन्धको विपरित छ। सामान्य कुटनीतिक मर्यादाको बिरुद्ध छ।'

नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले नेपालले कुटनीतिक सक्रियता र भुमिकालाई बढाउनु जरुरी रहेको बताए। उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको कालापानी क्षेत्रमा आएको कुरालाई उल्लेख गर्दै यसले छिमेकी देशलाई विश्वासमा लिदै कुटनीतिक सक्रियता बढाउनु जरुरी देखिएको बताए।

'कुटनीतिक हिसाबले हाम्रो सक्रियता र हाम्रो भुमिका जिम्मेवार ढंगले र बुद्धिमतापूर्ण ढंगले कुटनीतिक सक्रियता जरुरी छ भन्नेकुरा यि तथ्यहरुले देखाउँछन्' उनी भन्छन्, 'मलाई लाग्छ सरकारले पनि सुन्यो होला। म यतिमात्र भन्न चाहान्छु कि नेपालका तर्फबाट छिमेकीहरुलाई विश्वासमा लिदैं हाम्रो कुटनीतिक सक्रियता बढाउनु जरुरी छ।'

नेपाली काँग्रेसका सांसद रामहरी खतिवडाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको महाकाल क्षेत्रको भ्रमण औपचारिक भ्रमण नभएकाले चासो लिनुपर्ने आवश्यकता नभएको बताए।

उनले राजकीय भ्रमणका रुपमा नेपाली भुमिमा आएको भए सम्मान र सत्कार गर्नुपर्ने भन्दै व्यक्तिगत भ्रमणका बारेमा जानकारी गराउनु/नगराउनु उनीहरुकै कुरा भएको बताए। उनले नेपाल-भारत बीचमा रहेका समस्याहरुलाई कुटनीतिक माध्यमबाट समाधान गर्नुपर्ने पनि बताए। 'उहाँ राज्यलाई थाहा दिएर आधिकारिक रुपमा प्रवेश गर्नुभएको होइन। त्यसैले राज्य व्यवस्था समितिले त्यो बारेमा धेरै चासो लिएन' उनले भने, 'उहाँ सरकारको तर्फबाट राजकिय भ्रमणको रुपमा आउनु भएको भए राज्यले नै सत्कार र सम्मान गर्नुपर्थ्यो।'

व्यक्तिगत भ्रमणमा पनि सामान्य परराष्ट्र मन्त्रालयलाई जानकारी दिनुपर्नेमा त्यो छ कि छैन, राज्यका कुन-कुन संयन्त्रलाई जानकारी दिइयो भन्नेबारे चासो रहनु भने स्वभाविक रहेको उनले बताए।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद दीपकबहादुर सिंहले छिमेकी देशका प्रधानमन्त्री बिना जानकारी नेपाली भुमिमा आउँदा पनि सरकार टुलुटुलु हेरेर बसिरहेको बताए। उनले यसमा सरकारको नालायकीपन देखिएको बताए।

'यसरी छिमेकी राष्ट्रका प्रधानमन्त्री नेपालको भुमिमा जानकारी नै नदिएर आउँदाखेरी पनि सरकार लाचार भइकन सरकार टुलुटुलु हेरिराखेको छ। यो सरकारबाट हामीले के आशा राख्ने?' उनले प्रश्न गरे। छिमेकी राष्ट्रको प्रधानमन्त्रीजस्तो मान्छे थाहा नै नपाइकन त्यहाँका नेपाली जनतासँग भेटेर, अंगालो मारेर कुरा गर्नु र नेपाल मौन रहनु उचित नरहेको भन्दै उनले प्रश्न गरे।

यस विषयमा प्रश्न उठेपछि सरकारले यस विषयमा ध्यानाकर्षण भएको भनी आफू बेखबर रहेको बताएको छ।

परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्साल भारतीय प्रधानमन्त्रीको कालापानी भ्रमणको विषयमा जानकारी लिने क्रममा रहेको बताउँछिन्। बिहीबार मन्त्रालयमै भएको पत्रकार सम्मेलनमा उनले एउटा देशको प्रधानमन्त्री अर्को देशमा जाँदा प्रोटोकल पूरा गर्नुपर्ने भन्दै त्यस विषयमा के भएको रहेछ भन्ने विषयमा बुझ्ने बताएकी हुन्।

'एउटा देशको प्रधानमन्त्री अर्को देशमा जाँदाको प्रोटोकल जे हो, त्यो पूरा गर्नुपर्छ। थप बुझ्दै छौं' उनले भनेकी छन्, 'भारतीय प्रधानमन्त्रीको गुन्जी भ्रमणबारे हाम्रो ध्यानाकर्षण भएको छ। के हो भनेर हामी जानकारी लिने क्रममा छौं।'

## सरकारले...

उनीहरुले संघीय निजामती सेवा ऐनको सट्टा एकीकृत निजामती सेवा ऐन जारी गर्नुपर्ने, प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहकै कर्मचारी हुनुपर्ने, अन्तरस्थानीय तहका कर्मचारीको सरुवामा दोहोरो सहमति आवश्यक नपर्ने लगायतका माग राखी उनीहरू आन्दोलन गरिरहेका छन्। स्थानीय तह कर्मचारीका सवाल वृद्धि विकास, अन्तरप्रदेश सरुवा, बढुवा लगायतका २० बुँदे माग राखेर आन्दोलन गर्दै आएको छन्।

स्थानीय तह कर्मचारी केन्द्रिय संघर्ष समिति बनाएर आन्दोलनमा उत्रिएका उनीहरूले सीय निजामती ऐनमा स्थानीय तहका कर्मचारीलाई विभेद गरिएको आरोप लगाएका छन्। स्थानीय तहका कर्मचारीलाई निजामतिको परिभाषाभित्र समेट्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूलाई कुनैपनि सेवामा प्रवेश गर्दा उमेर हद नलगाउनुपर्ने, अन्तरप्रदेश सरुवाको व्यवस्था ऐनमै राखिनुपर्ने लगायतका माग छन्।

उनीहरुले हामी यहाँ छौं, के सरकार सुतेकै हो त ? हामीलाई न्याय कसले दिने ? समायोजन भएका कर्मचारीहरुको उचित व्यवस्थापन गर, खै सरकार कहाँ छ ? एकीकृत निजा मति सेवा ऐन जारी गर, अन्तरप्रदेश सरुवा लागू गर, सेवा करारका कर्मचारीको उचित व्यवस्थापन गर, लगायतका प्लेकार्ड बोकेर बिरोध जनाइरहेका छन्।


# कतार, युएई र साउदीमा रोजगारको अवसर

**१. कम्पनी: BNH BEAUTY SALON** — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८०/०६/२५ — चलानी नं.: ६०२०९०९६ — L.T. No.: 293949

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 0 | 1 | | 1700 | ६१,९१४ | | | | | | | |
| 3. | Manicurist | 0 | 2 | | 1700 | ६१,९१४ | | | | | | | |

**२. कम्पनी: CENTERPOINT MANAGEMENT CONSULTANCY LLC** — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०६/२३ — चलानी नं.: ६०२०९०९९ — L.T. No.: 293857

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 25 | 25 | स. काममा दक्ष | 1200 | ४३,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**३. कम्पनी: SAUDI GERMAN ALUMINUM PRODUCTS CO.LTD** — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८०/०६/२३ — चलानी नं.: ६०२०९०९८ — L.T. No.: 293872

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**४. कम्पनी: ABDUL RAHIM SUBHAN AL YABSI CONTRACTIN EST** — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८०/०६/२१ — चलानी नं.: ६०२०९०९७ — L.T. No.: 293758

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 2 | 0 | | 1800 | ६३,७३८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कार्तिक ३ गते (20 October 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ८३४/०६६/०६७

**चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.**
**Chandani Management Services Pvt.Ltd.**
Basundhara-3, Kathmandu, Nepal, Phone No: 01-4955422, 4960522
Email: chandanimanpower@gmail.com/website: cmsmanpower.com

# पत्रकारितामा सुधारको खाँचो छ : उपप्रधानमन्त्री श्रेष्ठ




**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघ र नेपाल अमेरिका पत्रकार संघ (नेजा) को संयुक्त आयोजनामा नेजा ग्रामीण उत्कृष्ट पत्रकारिता पुरस्कार-२०२२ प्रदान गरिएको छ । प्रत्येक दुई वर्षमा प्रदान गर्दै आएको नेजा ग्रामीण उत्कृष्ट पत्रकारिता पुरस्कार यस वर्ष संयुक्त रुपमा दुई जना पत्रकार महिलालाई प्रदान गरिएको हो । दिलमाया शाही (सन्धान अनलाइन, जुम्ला, कर्णाली प्रदेश) र कमला तामाङ 'पाखिन' (कान्तिपुर टेलिभिजन, सिन्धुपाल्चोक, बागमती प्रदेश) नेजा ग्रामीण उत्कृष्ट पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका छन् ।

पुरस्कृत पत्रकारलाई बधाई दिँदै प्रमुख अतिथि एवम् उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको राजनीतिक परिवर्तनमा नेपाली पत्रकारिता क्षेत्रले खेलेको भूमिकाको प्रशंसा गरे ।

उनले अन्य क्षेत्रमा जस्तै पत्रकारितामा पनि सुधारको आवश्यकता रहेको भन्दै आत्मालोचनासहित रुपान्तरण हुनुपर्ने बताए । उनले सञ्चार सम्बन्धी कानून निर्माणलाई प्राथमिकताका साथ अघि बढाउने बताए ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले पुरस्कृत पत्रकारलाई बधाई दिँदै नेजासँगको निरन्तर सहकार्यका लागि प्रतिवद्धता व्यक्त गरे ।

उनले पत्रकारिता क्षेत्रलाई मर्यादित र व्यवस्थित गर्न आमसञ्चार प्रतिष्ठानको आवश्यक्ता रहेको बताउँदै सञ्चार सम्बन्धी कानूनलाई पूर्णता दिनुपर्ने बताए ।

कानून निर्माण प्रकृयालाई सरल बनाई पत्रकारिताका सबै क्षेत्रलाई समेट्ने गरी कानून निर्माण गर्न उनले सरकारको ध्यानाकर्षण गराए ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले नेपाली पत्रकारिताको समीक्षा गर्नुपर्ने बेला आएको बताए । उनले पत्रकारले पत्रकारिताको सामान्य मूल्यमान्यतालाई आत्मसात् गरी सत्यतथ्य समाचार सम्प्रेषण गरे मात्रै पनि पत्रकारितामा सुधार हुने बताए ।

कार्यक्रममा नेजाका अध्यक्ष सुरज भण्डारी र महासचिव बाबुराम दाहालले पुरस्कृत पत्रकारलाई बधाई दिँदै नेजाले नेपालको पत्रकारितामा गर्दै आएको साथ र सहयोग आगामी दिनमा पनि जारी रहने प्रतिवद्धता व्यक्त गरे ।

महासंघका महासचिव रोसन पुरीले नेजाले पत्रकारिता पुरस्कार मात्रै हैन पत्रकारहरु बिरामी पर्दा र प्राकृतिक विपत्तिमा पनि नेपाली पत्रकारिता क्षेत्रलाई सहयोग गर्दै आएको बताए ।

उनले श्रमजीवी पत्रकार ऐनसहितका सञ्चार सम्बन्धी कानूनको पूर्ण कार्यान्वयन नहुँदा पत्रकारहरु पारिश्रमिकबाट वञ्चित हुनुपरेको बताए । पत्रकारहरुलाई सञ्चारमाध्यमले आफ्नो स्वार्थका लागि प्रयोग गरिरहेको भन्दै उनले सरकारको ध्यानाकर्षण गराए ।

पुरस्कार छनोट समितिका संयोजक गोविन्द आचार्यले २ सय २३ आवेदक मध्येबाट उत्कृष्ट दुईजनालाई छनोट गरिएको बताए ।

कार्यक्रममा महासंघका सल्लाहकार निर्मला शर्मा, नेजाका पूर्व अध्यक्ष गौतम दाहाल लगायतले धारणा राखेका थिए ।

# भन्सार छली गरी ल्याइएको कपडा बरामद



**राहुल गुप्ता/मध्यान्ह**
वीरगञ्ज, २५ असोज

पर्साको वीरगञ्ज महानगरपालिका ५ रेल्वे मार्गबाट करिब २ लाख ८१ हजार रुपैयाँ बराबरको भन्सार छली गरी ल्याइएको लत्ताकपडा र साइकल बरामद गरिएको सशस्त्र प्रहरी बल पर्साले जनाएको छ ।

विशेष सूचनाको अधारमा सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण पर्साले भारतबाट अवैधरुपमा तीन वटा साइकलमा राखी ल्याउँदै गरेको लत्ताकपडा बरामद गरेको सशस्त्र प्रहरी पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक सङ्गम श्रेष्ठले जानकारी दिए । बरामद लत्ताकपडा तथा साइकल भन्सार कार्यालय वीरगञ्जमा बुझाइएको उनले बताए ।


## मोटर साइकल हराएको सूचना

मिति २०८०/०६/०५ गते करिब १४:०० देखि १७:०० बजेको समयमा का.जि.का.म.न.पा.०५ कालोपुल स्थित साथीको घर अगाडी पार्किङ्ग गरि राखेको बागमती प्रदेश ०२-०४३ प ६१३३ नम्बरको Pulsar 220f ABS मोटर साइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

नाम: नारायण कुमार तिरुवा
ठेगाना: वडा नं ४, विरेन्द्रनगर, सुर्खेत
च्यासिस नं: MD2A13EX3MCJ98967
इन्जीन नं : DKXCMJ33194
सम्पर्क : 9842827659



## मलेसियामा रोजगार

कम्पनी : LOCAL CASTING SDN.BHD.
शहर : Malaysia, Johor

पूर्व स्वीकृत मितिः २०८०/०६/२५ | चलानी नं.: ६०२०९१०२ | LT. No.: 293964

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ३ गते (20 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**क्याराभान इम्प्लोइमेन्ट सर्भिसेस प्रा. लि.**
श्रम इजाजत नं. ३६३/०५९/०६०
बसुन्धारा, काठमाडौं, फोन: ०१-४०१६९९१, ४०१६९९२
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com



## कुवेतमा रोजगार

Company :ALGHANIM INTERNATIONAL LIGHT FOOD & REFRESHMENTS CO.W.L.L.
City : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०३/०३ | चलानी नं.: ६०१८१३११ | LT. No.: 265087 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 97 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,५५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waitress | 0 | 120 | | 120 | ५१,५५८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ३ गते (20 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४५६९३७२ ०१-४५६१०७७ मो. ९८२३३५१५४५, ९८४९१७०६०२



# VACANCY ANNOUNCEMENT

HUAWEI

Huawei Technologies Nepal Company Private Ltd is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions

**Position:**
Wireless Engineer (Expert)

**No. of Person required:** 1

**Job Responsibilities:**

- Deliver the wireless products from a product field and ensure the product installation, supervision and commissioning.
- Ensure delivery quality, progress, smooth operation and maintenance.
- Address tricky service problems in the respective product field, and lead the resolution of key problems.
- Deliver advanced courses for the product field, ensure that the serviceability measures can be adopted, and optimize delivery modes.
- Responsible for capacity planning, GSM frequency planning and frequency hopping by applying carrier/ interference (C/I) ratio analysis.
- Provide guidance for lower-level staff to improve their capabilities.

**Qualification:**

- Master's in Telecommunication Engineering / Electronics Engineering.
- Minimum 5 year or more experience in telecom project and familiar with Huawei equipment and network system.
- In depth understanding of global telecom industry.
- Should have good communication skills, ability to work in team, proactive and result oriented.
- Self-motivated, result oriented and a team player with good communications skills and attitude.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at nepal@huawei.com by 19th October, 2023. Preference will be given to Nepalese citizens.**



## कतारमा रोजगारको अवसर

कम्पनी: AL NOOR ENGINEERING GROUP W.L.L.
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०३/१४ | चलानी नं.: ६०१८२०२६ | LT. No.: 266095 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कात्तिक ३ गते (20 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Excellent Manpower Services Pvt. Ltd.**
साविक: (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com



## मलेसियामा रोजगार

कम्पनी: JIP HUP ENGINEERING & TRADING SDN.BHD.
शहर: SELANGOR

पूर्व स्वीकृत मिति: २०७९/०३/२४ | चलानी नं.: ६०१८२९९८ | LT. No.: 267015 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 16 | 0 | स. काममा दक्ष | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कात्तिक ३ गते (20 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

